# ग्रामथान गाउपालिका
# १ नं वडा कार्यालय

लखन्तरी, मोरङ्ग

१ नं. प्रदेश, नेपाल ।

प.स. २०७६/२०७७

च.नं. ४४८

मिति : २०७६/०८/२२

**बिषय : सूचना ।**

ग्रामथान गाउँपालिकाको चालु आ.व २०७६/०७७ को गाउँ सभाबाट यस वडा अन्तर्गत ड्राइभिङ तालिम सञ्चालनका लागि कार्यक्रम स्वीकृत भएको हुँदा ईच्छुक संस्था/फर्महरुले (तपशिल अनुसारका योग्यता भएका) देहायको मिति भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. व्यवसाय दर्ता प्रमाणपत्र (चालु आ.व मा नविकरण भएको)
२. प्यान/भ्याट दर्ता प्रमाणपत्र
३. कर चुक्ता प्रमाणपत्र
४. ड्राइभिङ तालिम सञ्चालनका लागि ईजाजत प्राप्त गरेको प्रमाण

प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७६/०८/३० गते कार्यालय समय भित्र ।

वडा अध्यक्ष

२२/८/७६

नमो नारायण माझी

वडा अध्यक्ष

आज मिति २०७७।८।१८ गतेका दिन यस ग्रामथान गा०पा० १ नं० वडाका - वडा अध्यक्ष श्री नमो नारायण माझी ज्यू को अध्यक्षता एवम् निम्न - वडा समितिका पदाधिकारीहरुको उपस्थितिमा वडा समितिको बैठक बसी - तपसिल अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

उपस्थिति

१. वडा अध्यक्ष - श्री नमो नारायण माझी - अध्यक्ष
२. वडा सदस्य - श्री गिता देवी माझी - सदस्य
३. —॥— - श्री लालो देवी ऋषिदेव - सदस्य लालो
४. —॥— - श्री गणेश भगत - सदस्य
५. —॥— - श्री नन्दन कुमार शाह - सदस्य
६. वडा सचिव - श्री ध्रुवराज अधिकारी - सं. सचिव

प्रस्ताव नं. १: धर्म संस्कृति मठमन्दिर प्रवर्द्धन शीर्षकबाट खर्च दिने सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताव नं. १ सम्बन्धमा छलफल गर्दा उक्त शीर्षकबाट खर्च हुने गरी तपसिलका कार्यक्रमको लागि तपसिलका संस्थालाई तपसिल बमोजिमको खर्च दिने निर्णय सर्वसम्मतले गरियो।

तपसिल

क) रिहर्सल एवं व्यवस्थापन खर्च - रु ५०,०००।- (अभिषेक मण्डली ग्रामथान -१)
ख) सांस्कृतिक कार्यक्रम - रु ५०,०००।- (वनस्टार क्लब, ग्रामथान -५, सिदरिया)

प्रस्ताव नं. २: सूचना प्रकाशन सम्बन्धमा।

निर्णय नं. २: प्रस्ताव नं. २ सम्बन्धमा छलफल गर्दा गाउँसभाबाट स्वीकृत - ड्राइभिङ तालिम कार्यक्रम १,२०,०००।- सञ्चालनार्थ इच्छुक तथा योग्यता पुगेका संस्थाहरुबाट प्रस्ताव माग गर्नका लागि सूचना प्रकाशन गर्ने र सो सम्बन्ध - मा गा०पा० लाई जानकारी गराई गा०पा० को वेबसाइटमा समेत सो सूचना - प्रकाशन गराउन आग्रह गर्ने निर्णय सर्वसम्मतले गरियो।

प्रस्ताव नं. ३: अनुमति तथा योजना माग सम्बन्धमा।

# ग्रामथान गाउपालिका
# १ नं वडा कार्यालय

**लखन्तरी, मोरङ्ग**

१ नं. प्रदेश, नेपाल ।

प.स. २०७६/२०७७

च.नं. ४८६

मिति : २०७६/०८/२२

विषय :- जानकारी सम्बन्धमा ।

श्री ग्रामथान गाउँपालिका,
तेतरिया, मोरङ्ग ।

प्रस्तुत विषयमा **ड्राइभिङ तालिम** सञ्चालनका लागि प्रस्ताव माग गरिएको विषयको सूचना यसै पत्र साथ संलग्न राखी तहाँ पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ । तहाँ कार्यालयको वेभ साइटमा उक्त सूचना प्रकाशन गरी सहयोग गरिदिनहुन समेत अनुरोध छ ।

२२।८।७६

लमी नारायण मास्की
वडा अध्यक्ष